# गाउँसभाको बैठकमा गाउँपालिकाका अध्यक्ष्य
# श्री नरेन्द्र कुमार शाहीज्यूद्धारा प्रस्तुत
# आर्थिक वर्ष २०७४/७५ को
# शिवालय गाउँपालिकाको नीति तथा कार्यक्रम

**शिवालय गाउँपालिका**

**गाउँकार्यपालिकाको कार्यालय**

सिमा, जाजरकोट

६ नं. प्रदेश नेपाल ।

३० असार, २०७४

महोदय ,

१. नेपालको संविधान जारी भएपछि नयाँ संरचना अनुसार स्वायत्त, सार्वभौम स्थानीय तहको परिकल्पना गरिएको छ । यस सन्दर्भमा शिवालय गाउँपालिकाको आर्थिक वर्ष २०७४/७५ को नीति तथा कार्यक्रम यस गरिमामय सभामा प्रस्तुत गर्न पाउँदा मलाइ खुशी लागेको छ । यस अवसरमा म नेपालको संघीय लोकतान्त्रिक गणतन्त्रका लागि नेपाली जनताले पटकपटक गर्दै आएको ऐतिहासिक जनआन्दोलन, सशस्त्र आन्दोलन, मधेस लगायतका आन्दोलनको स्मरण गर्न चाहन्छु । लोकतन्त्रको स्थापनार्थ शहीदहरुको त्याग र बलिदानलाई उच्च सम्मान गर्दछु ।

२. सात दशक लामो संघर्षपछि संविाधान सभाबाट नेपालको संविधान जारी भएसँगै लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था, बहुलबाद, सामाजिक न्यायसहितको समानुपातिक, समाबेशी प्रतिनिधिमूलक व्यवस्था, मौलिक अधिकार, नागरिक स्वतन्त्रता, धर्म निरपेक्षताजस्ता महत्वपूर्ण उपलब्धिहरु संस्थागत भएका छन् । संविधानले अंगिकार गरेको विविधताबीचको एकता, सामाजिक साँस्कृतिक ऐक्यबद्धताले नेपालीको स्वाभिमाननलाई अझ उँचो बनाएको छ । सवै प्रकारका भेदभावको अन्त्य गरि आर्थिक सम्बृद्धि, समानता र सामाजिक न्याय सुनिश्चित गर्ने आधारशिला खडा भएको छ ।

महोदय,

३. शिवालय गाउँपालिकाको पूर्वाधारका संरचना, ऐतिहासिक महत्वका सम्पदाहरु, विधालय, स्वास्थ्य संस्था एवम् अन्य सरकारी संरचनाको पुनर्निमाणलाई तिव्रता दिइनेछ ।

४. समृद्ध शिवालय गाउँपालिका निर्माणका लागि सार्वजानिक, निजी र सहकारी क्षेत्रको भुमिकालाई अझ प्रभावकारी बनाइनेछ । राजस्व एवं कर प्रशासनमा सुधार गरिनेछ । बजेट विनियोजन गर्दा संविधानले निर्दिष्ट गरेको लक्ष्य हासिल गर्ने गरी कार्यक्रम तय गरिनेछ । बजेट विनियोजनको दक्षता र खर्च गर्ने क्षमता अभिवृद्धि गरिनेछ । पूजी बजारको विस्तार गरिनेछ । मूल्य वृद्धिलाई बाञ्छित सीमाभित्र राखी मूल्यमा स्थायित्व कायम गरिनेछ । सार्वजानिक खरिद प्रणालीलाई प्रतिस्पर्धी, पारदर्शी र गुणस्तरीय बनाउँदै लगिने छ ।

५. शिवालय गाउँपालिकाको वित्तिय व्यवस्थापन क्षमता र जवाफदेहिता बढाइनेछ । राजनीतिक नेतृत्व र कर्मचारीको क्षमता अभिवृद्धि गरिनेछ ।

६. कृषि क्षेत्रलाइ राष्ट्रिय उत्थानको प्रमुख क्षेत्रको  रुपमा विकास गरिनेछ । प्रमुख बालीहरुको उत्पादनमा आत्मनिर्भर हुने नीीतलाई निरन्तरता दिइनेछ । सिंचाइ, मलखाद, वीउ बिजनको उपलब्धतामा सुधार गरिनेछ । पशुजन्य उत्पादन प्रोत्साहनका कार्यक्रमलाई निरन्तरता दिइनेछ । आर्थिक तथा सामाजिक रुपले पछि परेका कृषक केन्द्रित कार्याक्रमहरुलाई प्रभावकारी रुपमा सञ्चालन गरिनेछ ।

७. कृषियोग्य भुमिमा सिचाइ सुविधा पुऱ्याउने आवश्यक पहल गरिनेछ ।नहर प्रणालीको संभार, पुनर्निमाण तथा मर्मतलाई जोड दिइनेछ ।

८. उज्यालो शिवालय गाउँपालिका बनाउन विधुत क्षेत्रमा लगानी बढाइने छ । वैकल्पिक उर्जाको विकासलाई बढावा दिइनेछ । सडक क्षेत्रको विकासमा उच्च प्राथमिकता राखि सडक निर्माण तथा स्तोन्नतीमा जोड दिइनेछ ।

९. प्रत्येक वडाको प्राकृतिक स्रोत,ऐतिहासिक, सामाजिक, साँस्कृतिक पहिचान र आर्थिक सामर्थ्यको आधारमा गतिशील वडा निर्माणतर्फ लागिनेछ । आर्थिक रुपमा विपन्न, सिमान्तकृत र दलितलाई जनता आवास कार्यक्रममार्फत आवासको व्यवस्था गर्ने कार्यलाई अगाडि बढाइनेछ । एकीकृत, व्यवस्थित, वैज्ञानिक, सुरक्षित र हरित गाउँ शहर निर्माणमा शिवालय गाउँपालिकाको नेतृत्वलाई बढी जिम्मेवार बनाई अधिकार सम्पन्न र क्षमतायुक्त बनाइनेछ ।

१०. स्वच्छ खानेपानीमा नागरिकको पहुँच अभिवृद्धि गरिनेछ । खानेपानीको उत्पादन र वितरणमा प्रत्येक वडाहरुलाई जिम्मेवार बनाउँदै लगिनेछ ।

११. पर्यटन क्षेत्रलाई शिवालय अर्थतन्त्रको प्रमुख आधारको रुपमा विकास गरिनेछ । धार्मिक पर्यटनलाई बढावा दिइनेछ । विशेष गरि सिमान्तकृत जाति,आदिबासी, जनजातिकको भाषा ,संस्कृति र सम्पदाको संरक्षण एवं विकासलाई जोड दिइनेछ ।

१३. उत्पादनमुलक रोजगारीको अवसर सिर्जना गरिनेछ ।उद्यमशीलता, स्वरोजगार र आय आर्जनमा केन्द्रित गर्न युवाहरुलाई छोटो र लामो अवधिको तालिम दिइनेछ । खेलकुद क्षेत्रको विकासमा लगानी गरिने छ ।

१४. शिक्षा र स्वास्थ्यमा भएको लगानीले स्वस्थ, शिक्षित र सभ्य नागरिक उत्पादनमा योगदान पुऱ्याउने नीति अवलम्वन गरिनेछ ।

१५. आधारभुत तहसम्मको शिक्षा अनिवार्य र निशुल्क बनाइनेछ भने माध्यामिक तहसम्मको शिक्षा अनिवार्य तथा निःशुल्क बनाइनेछ ।लक्षित वर्गलाई शिक्षामा दिइ आएको सुविधालाई थप व्यवस्थित गरि निरन्तरता दिइनेछ ।गुणस्तरयुक्त शिक्षामा पहुँच पुऱ्याउन सामुदायीक विद्यालयलाई नमुनाको रुपमा सञ्चालन गर्ने नीति अवलम्बन गरिनेछ ।